(घ) साबिक सारीभारी गा. पं. वडा नं. ४ कि. नं. ६०, ६१, ५९, ४, ५, १४२, १७, १८, २१, २२, २४, ३६, ३४, ३०, ३२, ३१, ९९, १०४, १११, १३०, १२९, १३७ बाटो र साबिक गा. पं. परकोली वडा नं. ३ (ख) ५ देखि दक्षिणका साबिक सारीभारी गा. पं. वडा नं. ४ को कि. नं. २०४, ६९, ६७, ६८ हुँदै कि. नं. १३५, १३६ तक ।

दक्षिणः– (क) साबिक जलेश्वर गा. पं. वडा नं. ६ कि. नं. १४०, १४२, १४३, १५०, २९५, १५२, १२२, २७२, २९४, २९३ देखि उत्तरको ऐ. पं.कि. नं. ३०५, ३०६ हुँदै पूर्वतर्फ २८९ तक ।

(ख) साबिक गा. पं. धवोली वडा नं. ७ (ख) कि. नं. १, २, ३, ६, ७, ८, ९ देखि उत्तरको ऐ. पं. कि. नं. १९५, १५७, २०५ तक ।

(ग) साबिक धवोली गा.पं. वडा नं. ९ कि. नं. ५०१ देखि उत्तरतर्फको सारीभारी गा. पं. वडा नं. १ को कि. नं. १३१ ।

(घ) साबिक सुगा भवानी गा. पं. वडा नं. २ कि. नं. १, ४, ४४६, ६, ३२, ३३, ३५, ३७, ९४, ९५ ९६, १११, ११२, ११३, ११४, २१५ देखि उत्तर साबिक सारीभारी गा. पं. वडा नं. १ का कि. नं. १३२, १३७ हुँदै पूर्वतर्फ कि. नं. २८९ तक ।

(ङ) साबिक सारीभारी गा. पं. वडा नं. २ को साबिक मतिहानी जाने बाटोदेखि उत्तरका कि.नं. १२६, १२७ भै दक्षिण पूर्वतर्फ हुँदै कि.नं.१३६ तक ।

आज्ञाले,

माधवलाल तवदार

श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) तथा बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय खेलकूद परिषद्लाई एशियन फूटबल महासंघबाट सौजन्यस्वरूप प्रदान गर्ने १०० (एकसय) थान एडिडास फुटबलको पैठारीमा लाग्ने भन्सार महसूल तथा बिक्रीकर पूर्ण रूपले छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

962

## सूचना २

श्री ५ को सरकारले बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी नेपाल रोजिन एण्ड टर्पेन्टाइन लिमिटेडद्वारा उत्पादित रोजिन टर्पेन्टाइनको बिक्रीमा लाग्ने बिक्रीकर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

## सूचना ३

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) तथा बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी नेपाल रेडक्रस सोसाइटीअन्तर्गत सञ्चालित रक्त सञ्चार सेवाको निमित्त आ.व. २०४५।४६ का लागि आयात हुने यू. एस. डलर २८३१५।०० मूल्य बराबरको विभिन्न साइज र परिमाणका ब्लड कलेक्टिङ व्याग र ट्रान्सफ्यूजनका सामानहरूमा लाग्ने भन्सार महसूलमा आंशिक छूट दिई १ प्रतिशत लिने र बिक्रीकर पूर्ण रूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

## सूचना ४

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) तथा बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी नेपाल टेलिभिजनले आयात गरेको जापानी येन ३७,९१,८८०।– मूल्य बराबरको "डिजिटल भिडियो इफेक्ट्स" अमेरिकी डलर १,७७,७८२।– मूल्य बराबरको टेलिभिजन सामग्री, फ्रेञ्च फ्याङ्क ११,००० मूल्य बराबरको पावर सप्लाई एवं स्पेयर पार्टस् र जापानी येन २६,७८,००० मूल्य बराबरको स्पेयर पार्टस्मा लाग्ने भन्सार महसूल तथा बिक्रीकर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले,
ईश्वरकुमार श्रेष्ठ
उपसचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८२